# जातीय समानतालाई प्रवर्द्धन गर्ने मौजूदा तथा नियोजित उपायहरू

## द ल्याण्ड रेजिस्ट्री (मालपोत)

द ल्याण्ड रेजिस्ट्री (मालपोत) हङकङमा रहेका जग्गालाई प्रभाव पार्ने उपकरणहरू दर्ता गर्ने र जग्गा दर्ता अध्यादेश (अनुच्छेद 128) (LRR) तथा जग्गा दर्ता नियमावली (अनुच्छेद 128क) (LRR) अन्तर्गत सार्वजनिक खोजका लागि जग्गा रेकर्डको प्रावधानको लागि एक सरकारी कार्यालय हो। हामी जग्गाधनी निकायहरू (OC) को पञ्जीकरण, OC द्वारा पेश गर्नुपर्ने कागजातहरू फाइल गर्ने र भवन व्यवस्थापन अध्यादेश (अनुच्छेद 344) (BMO) अन्तर्गत OC स्रेकर्डहरूको खोज सेवाहरूको प्रावधानको लागि पनि जिम्मेवार छौँ। हामी उनीहरूको नश्लीय र जातीय पृष्ठभूमिको ख्याल नगरी सबै सदस्यहरूको सरोकार रहेका सेवाहरूमा समान पहुँच सुनिश्चित गर्नुलाई ठूलो महत्त्व दिन्छौँ।

सम्बन्धित सेवाहरू

- द ल्याण्ड रेजिस्ट्री (मालपोत) ले LRO तथा LRR को पालना गर्ने उपकरणहरू दर्ता गर्नेछ। जनताले जग्गा दर्ता र जग्गाको अभिलेखका प्रतिलिपिहरू क्वीन्सवेमा अवस्थित ग्राहक केन्द्र र क्रमशः ताई पो, सुएन वान र युएन लङमा अवस्थित रहेका नयाँ क्षेत्र खोज कार्यालयहरू (सामूहिक रूपमा “ल्याण्ड रेजिस्ट्री कार्यालयहरू”) वा एकीकृत दर्ता सूचना प्रणालीको अनलाइन सेवाहरूको माध्यमबाट प्राप्त गर्न सक्नेछन्।

- BMO अन्तर्गत नियुक्त व्यवस्थापन समितिहरूले हरूको दर्ताका लागि ल्याण्ड रजिस्ट्रारलाई निवेदन दिन सक्छन्। हरूको व्यवस्थापन समितिका सचिवहरूले BMO अन्तर्गत ल्याण्ड रजिस्ट्रारमा पेश गर्नुपर्ने कागजात पेश गर्नुपर्नेछ। सर्वसाधारणले सम्बन्धित जग्गा दर्ता कार्यालयबाट OC अभिलेखहरू खोज्न सक्नेछन्।

मोजुदा उपायहरू

- द ल्याण्ड रजिस्ट्रीले सेवाको बन्दोवस्तीमा चिनियाँ र/वा अङ्ग्रेजीमा जनतासँग सञ्चार गर्दछ। सर्वसाधारणका लागि मुद्रित सबै जानकारी (जानकारी पत्रक र आवेदन फारमहरू आदि लगायत) र विभागीय र IRIS वेबसाइटहरूमा रहेका जानकारी चीनियाँ र अङ्ग्रेजी दुवै भाषामा हुन्छ।

| | |
|---|---|
| | • जातीय अल्पसंख्यक बासिन्दाहरूको सद्भाव र संवर्धन केन्द्र (CHEER) को माध्यमबाट आवश्यक पर्दा दोभाषे सेवाको व्यवस्था गरिनेछ । CHEER ले आठ भाषाहरूमा दोभाषे सेवा प्रदान गर्दछ, जसमा बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पञ्जाबी, उर्दू, ट्यागालग, थाई र भियतनामी छन् । |
| भविष्यका कार्यहरूको मूल्याङ्कन | • निरन्तर सुधारका लागि समय-समयमा उपायहरूका बारेमा समीक्षा गरिन्छ । आवश्यक र उपयुक्त भए अनुसार थप सुधार गर्न सकिन्छ कि भन्ने बारेमा, यदि कुनै भएमा, प्रयोगकर्ताहरूबाट आएका पृष्ठपोषण / सुझावहरू रेकर्ड गरिन्छ र समीक्षा गरिन्छ । |
| अवलम्बन गरिएका / गर्नुपर्ने थप उपायहरू | • उनीहरूमा नश्लीय तथा जातीय समानता का बारेमा सचेतना र बुझाइमा अभिवृद्धि ल्याउन, उपयुक्त भए अनुसार हामी समान अवसर आयोग, संवैधानिक तथा मेनल्याण्ड मामिला विभाग, निजामती सेवा प्रशिक्षण तथा विकास संस्थान आदि जस्ता सान्दर्भिक संगठनहरूद्वारा प्रदान गरिने उपयुक्त प्रशिक्षण कार्यक्रमहरूमा भाग लिनका लागि हाम्रा कर्मचारीलाई मनोनित गर्न जारी राख्नेछौँ । |

जातीय समानताको प्रवर्द्धन सम्बन्धी माथिका उपायहरूका बारेमा सोधपुछका लागि, कृपया हाम्रो ग्राहक सेवा प्रबन्धकलाई निम्न च्यानलहरू मार्फत सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 3105 0000 |
| फ्याक्स नं. | : | 2596 0281 |
| ईमेल | : | csa@landreg.gov.hk |
| पोस्टल ठेगाना | : | द ल्याण्ड रेजिस्ट्री (मालपोत)<br>क्विन्सवे गभर्नमेन्ट अफिसेज<br>28औँ तल्ला<br>66 क्विन्सवे<br>हङकङ |

**द ल्याण्ड रेजिस्ट्री (मालपोत)**
**मे 2020**